नेपाल सरकार

# स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

(आन्तरिक प्रशासन शाखा)

पत्र सङ्ख्या: ०८२/०८३
च.नं. : ६६२

सिंहदरवार, काठमाडौं

मितिः २०८३/०३/३१
नेपाल संवत् ११४६, तछलागा प्रतिपदा, बुधवार

विषय : जनशक्ति करार सेवामा लिने सम्बन्धमा ।

श्री मातहतका सम्पूर्ण प्रतिष्ठान, विभाग, अस्पताल तथा कार्यालयहरु ।

प्रस्तुत विषयमा यस मन्त्रालय अन्तर्गतका निकायहरुले करार सेवामा जनशक्ति लिने सम्बन्धमा देहाय वमोजिम गर्नु गराउनु हुन मन्त्रालयको मिति २०८३।०३।३० को सचिवस्तरको निर्णयानुसार अनुरोध छ ।

**देहाय**

१. नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ख को उपदफा १ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेखित
   (क) कुनै चिकित्सक वा स्वास्थ्यकर्मी अध्ययन वा असाधारण विदामा रहेको अवस्थामा अध्ययन वा असाधारण विदा वसेको अविधभर
   (ख) सेवाको कुनै पद कुनै कारणवश रिक्त हुन गई सोको माग आकृति फारम भरी लोकसेवा आयोग पठाई सकेको तर पदपूर्ति भईनसकेको अवधिभर
२. सार्वजनिक खरिद नियमावली २०६४ एवं करार सेवा निर्देशिका,२०५९ बमोजिम उल्लेख भएका कार्यालयले सेवा करारमा लिन आवश्यक भएमा त्यस्तो सेवा करार लिंदा
   (क) कार्यालयमा आवश्यक दरबन्दी भएको हुनु पर्ने
   (ख) दरबन्दी रिक्त भएको हुनुपर्ने
   (ग) बजेट विनियोजन भएको हुनुपर्ने
   (घ) कार्यालयले कामकाज चलाउन त्यस्तो जनशक्ति आवश्यक भएको हुनुपर्ने
३. कार्यालयमा दरबन्दी रिक्त नभएको अवस्थामा स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि सेवा करारमा नलिई नहुने अवस्था भएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो कार्यका लागि सोको औचित्यको पुष्टयाई गरी अर्थ मन्त्रालय, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहमति लिई सेवा करारमा लिन सकिने ।
४. उपर्युक्तानुसार नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ख को उपदफा १ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भए बमोजिम एवं सार्वजनिक खरिद नियामावली,२०६४ एवम् सेवा करार निर्देशिका, २०५९ बमोजिमको सेवा करारमा लिदा कार्यालयले खुला, पारदर्शी र प्रतिस्पर्धात्मक प्रक्रिया अवलम्वन गरी मात्र सेवा करारमा लिने ।

२०८३/०३/२९
(कौशल पाण्डे)
शाखा अधिकृत